

पिक्सेल्स / आदर्श पाण्डे

# नेपालको सार्वजनिक ऋणको अवस्था

**नेपालको सार्वजनिक ऋणको आकार हाल सामान्य देखिए पनि यसको वृद्धिको तीव्र गति चाहिँ पक्कै चिन्ताजनक देखिन्छ। भविष्यमा ऋण थेग्नै नसक्ने हुन नदिन सार्वजनिक वित्त व्यवस्थाको सुधारको आवश्यकता छ।**

नेपालको बढ्दो सार्वजनिक ऋण विगत केही समययता व्यापक चिन्ता र चर्चाको विषय बनेको छ। अत्यधिक मात्रामा वैदेशिक ऋण लिएर सिङ्गो राष्ट्र नै टाट पल्टिने जस्तो अवस्था आएका घटनाहरूले पनि जनतालाई सशंकित बनाएका छन्। देशको बाह्य ऋण सम्हाल्न नसकिने अवस्थामा पुग्दा निकै जटिल संकट निम्तिएको उदाहरण हालै श्रीलंकाको आर्थिक समस्याले देखाएको छ। हुनत नेपालको सार्वजनिक ऋणको अवस्था धेरै चिन्ताजनक नदेखिए पनि छोटो अवधिमा निकै तीव्र गतिमा बढिरहेको हुनाले देशको वित्तीय दिगोपनबारे संशय जगाएको छ। यसै सन्दर्भमा सावतीले नेपालको सार्वजनिक

ऋणको अवस्था तथा हालको तीव्र वृद्धिका कारकहरू केलाउन एक अध्ययन गरेको छ।


## नेपालको सार्वजनिक ऋण : संक्षिप्त विवरण

आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा नेपालको तिर्न बाँकी सार्वजनिक ऋण रु. २,०१३ अर्ब अर्थात् कुल गार्हस्थ्य उत्पादनको ४१.५ प्रतिशत बराबर रहेको छ। यसमध्ये बाह्य ऋण कुल गार्हस्थ्य उत्पादनको २१.१ प्रतिशत र आन्तरिक ऋण २०.४ प्रतिशत रहेको छ। पछिल्ला केही वर्षमा सार्वजनिक ऋण तीव्र गतिमा बढेको छ। आर्थिक वर्ष २०७१/७२ मा कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको २५.७ प्रतिशत रहेकोमा आ.व. २०७८/७९ सम्ममा सो अनुपात कुल गार्हस्थ्य उत्पादनको ४१.५ प्रतिशत पुगेको छ। आन्तरिक ऋणमा मुख्यतया दीर्घकालीन विकास ऋणपत्र (करिब ६५ प्रतिशत) र छोटो अवधिको ट्रेजरी बिल्स (करिब ३५ प्रतिशत) समावेश छन्। बाह्य ऋण चाहिँ प्राय:जसो सहुलियतपूर्ण प्रकृतिका छन्, यानि यस्ता कर्जाको ब्याजदर कम हुने र भुक्तानी अवधि लामो हुने गर्छ। नेपालका ऋणदाताहरू मुख्यतया बहुपक्षीय संस्थाहरू, जस्तै विश्व बैंक र एसियाली विकास बैंक रहेका छन्। हाल यी संस्थाको ऋणको अंश कुल बाह्य ऋणको ८५ प्रतिशतभन्दा बढी रहेको छ। साथै जापान, भारत र चीनले कुल द्विपक्षीय बाह्य ऋणको ठूलो हिस्सा ओगटेका छन् (चित्र २)।

## के नेपालको सार्वजनिक ऋणको अवस्था चिन्ताजनक छ ?


विश्वव्यापी रूपमा चलनचल्तीका मानक अनुसार नेपालको हालको अवस्था खासै अत्तालिहाल्नुपर्ने छैन। कहलिएका अर्थशास्त्रीहरू कारमेन राइनहार्ट र केनिथ रोगोफको एक प्रसिद्ध अध्ययनले सार्वजनिक ऋण देशको कुल गार्हस्थ्य उत्पादनको ९० प्रतिशत बराबर भन्दा धेरै भए मात्र ऋणले आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्न थाल्ने देखाएको छ। यद्यपि कुनै पनि अध्ययनले

चित्र १ **नेपालको बढ्दो ऋणको दायित्व**




स्रोत: नेपाल सरकारको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

चित्र २ **नेपालको बाह्य ऋणका स्रोतहरू** (ने रु अर्बमा)




स्रोत: नेपाल सरकारको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

कुल गार्हस्थ्य उत्पादनको यति नै प्रतिशत बराबरसम्मको ऋण भए अर्थतन्त्रलाई दुष्प्रभाव हुँदैन भन्ने विश्वसनीय मानक किटान गरिएको छैन। कति अनुपातसम्मको ऋण देशको हितमा हुन्छ भन्ने कुरा विभिन्न पक्षले निर्धारण गर्छन्। यसबाहेक, कतिपय देशहरू कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात धेरै कम हुँदा नै पनि टाट पल्टिएका छन्। त्यसैले नेपालको ऋणको आकार भन्दा पनि जुन गतिले पछिल्लो समयमा नेपालको ऋण बढेको छ त्यो चाहिँ सोचनीय देखिन्छ।

विशेषगरी नेपाली परिप्रेक्ष्यमा एकातिर ऋण बढ्नु तर त्यही अनुपातमा अर्थतन्त्रमा हुनुपर्ने जति सकरात्मक परिवर्तन खासै नदेखिएकोले पनि बढ्दै गएको ऋणबारे चिन्ता उब्जाएको देखिन्छ। विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२२ मा गरेको संयुक्त विश्लेषणले नेपाल ऋण संकटको कम जोखिममा रहेको भए पनि निराशाजनक निर्यात प्रदर्शन एउटा मुख्य चिन्ता भएको औँल्याएको छ। साथै यस विश्लेषणअनुसार निर्यात र आर्थिक वृद्धिमा प्रतिकूल परिस्थिति आउनेबित्तिकै नेपालको बाह्य ऋण तिर्ने क्षमतामा ह्रास आउने देखिन्छ। तसर्थ, सार्वजनिक ऋणको अवस्था हाल भयावह नभए तापनि केही वर्षदेखिको देशको शिथिल आर्थिक वृद्धि र कमजोर निर्यात प्रदर्शनका कारण ऋणको भार अत्यधिक वृद्धि र सो ऋणको सीमित प्रभावकारिता देख्दा अर्थतन्त्रले धान्न सक्नेभन्दा निकै धेरै हुँदैछ कि भन्ने भान हुन्छ।

## सार्वजनिक ऋणका कारक


साधारणतया संकटको समयमा सार्वजनिक ऋण बढ्ने देखिन्छ। नेपालमा पनि वि.सं. २०७२ को विनाशकारी भूकम्प र २०७६/२०७७ को कोभिड–१९ महामारीपछि बढेको

सार्वजनिक खर्च धान्न धेरै ऋण लिइएको देखिन्छ । यद्यपि यस्ता परिस्थिति बिरलै दोहोरिने हुँदा यो अध्ययन यस्ता पक्षभन्दा पनि नेपाली अर्थतन्त्रका संरचनात्मक कारकहरूमा बढी केन्द्रित छ । यस्ता घटनाहरूभन्दा पनि संरचनात्मक कारकहरूले नै नेपालको ऋणको अवस्थालाई जोखिमपुर्ण बनाउने सम्भावना छ।

देशको आन्तरिक क्षमता अभिवृद्धि नगरीकनै अत्यन्त महत्त्वाकांक्षी वृद्धि र द्रुत आर्थिक विकासको परिकल्पनाले पनि सार्वजनिक ऋण दायित्व बढ्न गएको हो। नयाँ संविधान र त्यसपछिको निर्वाचनको पृष्ठभूमिमा तयार पारिएका नेपालका पछिल्ला विकास योजनाहरूले महत्त्वाकांक्षी लक्ष्यहरू निर्धारण गरेका छन् । उदाहरणका लागि, हालको आवधिक विकास योजनाले वार्षिक औसत १०.१ प्रतिशतको दरले कुल गार्हस्थ्य उत्पादन वृद्धिको लक्ष्य राख्दै पूर्वाधार विकास लगायतका सामाजिक-आर्थिक क्षेत्रमा विकासको उच्च लक्ष्य तय गरेको छ । ती लक्ष्य प्राप्त गर्न निकै धेरै लगानी आवश्यक पर्दछ र त्यसको लागि उल्लेखनीय रूपमा सार्वजनिक खर्चमा वृद्धि गर्नुपर्ने हुन्छ। तसर्थ, यी ठूला लक्ष्य पूरा गर्न हालका वर्षमा प्रत्येक सरकारले ठूलो आकारको बजेट प्रस्तुत गरेका छन्, जसले सार्वजनिक ऋणको आकार बढाएको छ। तर, कमजोर आयोजना छनोट र कार्यान्वयन, योजना र नीतिहरूको कमजोर कार्यान्वयन, पुँजीगत बजेट खर्चको कमजोर अवस्था र सुधारको सुस्त गतिले सरकारी खर्चको प्रभावकारितामा ह्रास ल्याएको छ । यसको परिणाम महत्त्वाकांक्षी लक्ष्यहरू पूरा नहुने र अनावश्यक खर्च थपिँदै जाने हुनाले पनि सार्वजनिक ऋणको भार थपिने तर अपेक्षित लाभ चाहिँ प्राप्त नहुने भएको छ।


संघीयता लागू भएपछि नेपालको सार्वजनिक ऋणको आकारमा ह्वात्तै वृद्धि भएको छ । वि.सं. २०७२ मा नयाँ संविधान मार्फत नेपालको शासकीय संरचनालाई संघीयतामा रूपान्तरण

**चित्र ३ नेपालको ऋण सेवा खर्चको प्रवृत्ति**




स्रोत: २०७१/७२ देखि २०७७/७८ को तथ्याङ्कको स्रोत नेपाल सरकारको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय तथा २०७७/७८ र २०७९/८० को तथ्याङ्कको स्रोत अर्थ मन्त्रालय

**चत्र ४ संघीय सरकारको कुल खर्च (ने रु अर्बमा)**




स्रोत: महालेखा नियन्त्रकको कार्यालय

गरेपश्चात् सरकारी खर्चमा धेरै वृद्धि भएको हो । संघीय सरकारले आ.व. २०७४/७५ देखि नवगठित सात प्रादेशिक सरकार र ७५३ स्थानीय सरकारमा अन्तरसरकारी वित्तीय हस्तान्तरण गर्न थालेपछि संघीय सरकारको चालु खर्च निरन्तर उकालो लागेको छ । उदाहरणका लागि, संघीय सरकारको बजेट घाटा आ.व. २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनको ६ प्रतिशत बराबर मात्र रहेको थियो भने आ.व. २०७३/७४ मा सो अनुपात ८ प्रतिशतमा पुगिसकेको थियो । प्रादेशिक सरकार र स्थानीय सरकारहरूलाई अधिकार र कार्य हस्तान्तरण गरेपछि पनि संघीय सरकारको प्रत्यक्ष खर्चमा कमी आएको छैन । यसबाहेक, संघीयता कार्यान्वयनमा मुख्यतया संघीय, प्रादेशिक र स्थानीय सरकारहरूको माझ खर्चको दोहोरोपन, प्रत्येक सरकारको अधिकार क्षेत्रबारे स्पष्टताको अभावका साथै संघीय सरकारको अधिकार हस्तान्तरण नगर्ने प्रवृत्तिले सरकारी खर्च बढाएको देखिन्छ।

त्यसैगरी, राष्ट्रको सामाजिक सुरक्षा खर्चमा अत्यधिक वृद्धि पनि सरकारी खर्च बढेर सार्वजनिक ऋण चुलिनुको अर्को प्रमुख कारण हो। उदाहरणका लागि, आ.व. २०७०/७१ मा नेपाल सरकारको सामाजिक सुरक्षा खर्च जम्मा रु. ४०.८ अर्ब रहेकोमा आ.व. २०७८/७९ सम्म आउँदा उक्त खर्च रु. २२५.३ अर्ब पुगेको छ। सामाजिक सुरक्षा खर्चको ठूलो भाग ज्येष्ठ नागरिक निवृत्तिभरण जस्ता सामाजिक सहायतामा खर्च भइरहेको छ। सामाजिक सुरक्षा भत्ता राष्ट्रले प्रदान गर्ने एउटा महत्त्वपूर्ण र आवश्यक सुविधा भए तापनि हालको अविवेकी ढङ्गले वितरण गर्ने व्यवस्थाले सामाजिक सुरक्षालाई राजनीतिक दलहरूले आफ्नो लोकप्रियताको लागि दुरुपयोग गरेको भनेर यस नीतिको आलोचना हुने गरेको छ।




फ्लिकर

विकास सहायताको बदलिँदो रूपले पनि सार्वजनिक ऋण सञ्चिति बढेको देखिन गएको छ । नेपालले लिने विकास सहायतामा आ.व. २०७४/७५ देखि नै ऋणले अनुदानलाई उल्लेख्य रूपमा उछिनिरहेको छ। आ.व. २०७०/७१ मा वैदेशिक अनुदान कुल वैदेशिक सहायताको ६६.४ प्रतिशत रहेकोमा आ.व. २०७८/७९ सम्ममा यो अनुदान २१.५ प्रतिशतमा सरेर वैदेशिक ऋणले ६७ प्रतिशत हिस्सा ओगट्न पुगेको छ भने बाँकी ११.४ प्रतिशत प्राविधिक सहयोगको रूपमा रहेको छ। ऋणको अंश बढ्नुको कारण पछिल्लो समयमा नेपालले लिने विकास सहायतामा बहुपक्षीय संस्थाहरूद्वारा दिइने सहुलियतपूर्ण ऋणको हिस्सा बढ्नु पनि हो । नेपालको ऋण चुक्ता गर्ने क्षमता राम्रो देखिएकोले अनुदानभन्दा ऋणको रूपमा विकास सहायता आएको हो ।

साथै, नेपाल सन् २०२६ मा अतिकमविकसित देशको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नति भएपछि र नेपालको प्रतिव्यक्ति आय बढ्दै जाँदा नेपालले हाल पाइरहेको सहुलियतपूर्ण ऋण कम सहुलियतपूर्ण हुने परिदृश्य छ ।

अन्त्यमा, संस्थागत कमजोरीहरूले सार्वजनिक वित्तको कुशल र प्रभावकारी प्रयोग हुन नसकेको देखिन्छ। आवश्यक तयारी पूरा नगरेका आयोजनाहरू बजेटमा समावेश हुन्छन्, शुरुमा समावेश नगरिएका आयोजनाहरू कार्यान्वयन चरणमा जबरजस्ती बजेटमा समावेश हुन्छन्, ठूलो अनुपातको पुँजीगत खर्च आर्थिक वर्षको अन्त्यमा मात्रै खर्च हुन्छ र बजेटको शीर्षक परिवर्तन एवं स्रोत परिवर्तन गरेर खर्च हुन्छ। यी समस्याहरू नेपालको सार्वजनिक वित्त सम्बन्धि वभिन्न प्रतिवेदनले औंल्याएका हुन् । त्यस्तै, राज्यको पुँजीगत खर्च परिचालन गर्ने क्षमता पनि कमजोर छ। यसबाहेक, राज्यको राजस्व संकलन आयातमा आधारित करमा धेरै निर्भर रहेकोले राजस्वका अरू स्रोत सशक्त ढङ्गले परिचालित छैनन् । त्यसैले बजेट घाटालाई मिलाउने उपाय सार्वजनिक ऋण हुन गएको छ ।

## निष्कर्ष

नेपालको हालको सार्वजनिक ऋणको आकार सामान्य रहे तापनि यसको वृद्धिको गति पक्कै चिन्ताजनक देखिन्छ। साथै नेपालको अहिलेको आर्थिक सन्दर्भले पनि सावधानी अपनाउन प्रोत्साहित गर्छ । यसबाहेक, सार्वजनिक ऋणको भारको अनुपातमा न्यून आर्थिक उपलब्धिले पनि परिस्थिति बिग्रन धेरै समय नलाग्ला भन्ने संकेत गर्दैछ ।

विनाशकारी भूकम्प र कोभिड-१९ महामारी लगायतका घटनाका अलावा राज्यको आवश्यक तयारीविनाको अति महत्त्वाकांक्षी विकास लक्ष्यहरू, संघीयताको अपरिपक्व र कमजोर कार्यान्वयन, सामाजिक सुरक्षा खर्च, वैदेशिक विकास सहायताको बदलिँदो परिदृश्य, साँघुरो राजस्व स्रोत र कमजोर सार्वजनिक वित्तीय सुशासन जस्ता कारणले नेपालको सार्वजनिक ऋण सङ्कलन छोटो समयमा धेरै बढेको छ । ऋणको कारण प्रतिकूल परिस्थिति सिर्जना हुन नदिन सार्वजनिक वित्त प्रशासनलाई व्यवस्थित गरी चुस्त बनाउन सुधारको आवश्यक ता छ। ■

sawtee
www.sawtee.org

यो जानकारी पत्र द एसिया फाउण्डेशनको सहयोगमा सावतीका क्षितिज दाहाल र पारस खरेलद्वारा सम्पन्न “Nepal’s Public Debt: Concerns and Drivers” विषयक अध्ययनमा आधारित भएर सावतीका कार्यक्रम संयोजक दीक्षा सिंहद्वारा तयार पारिएको हो। यसमा प्रकाशित विचार तथा मान्यताहरू सावती र द एसिया फाउण्डेशनका नहुन पनि सक्छन्।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एसियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो। दक्षिण एसियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ। त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ।

पो.ब.नं.: १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोनः ४५२४३६०, ४५४४४३८, फ्याक्सः ४५४४५७०
इमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

डिजाइनः विपेन्द्र घिमिरे